बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :- ९४०८

मितिः २०७९।१०।१८

विषयः तह वृद्धि सम्वन्धमा।

श्री स्थानीय तह सवै,
बागमती प्रदेश।

स्थानिय तहमा कार्यरत साविकाका रा.प.अनं. द्वितिय श्रेणीका सहायक महिला विकास निरिक्षकको पदमा कार्यरत रही स्थानिय तहको विविध सेवा सहायक स्तर चौथो तहमा समायोजन भएका कर्मचारीको तहवृद्धि सम्वन्धमा द्धुविधा भएको भन्ने लगायतका विषयमा स्थानिय तहवाट राय सुझाव माग गरिएको सन्दर्भमा प्रदेश सरकार (प्रमुख सचिवस्तर) वाट मिति २०७९।१०।१७ मा देहाय वमोजिमको निर्णय भएको व्यहोरा अनुरोध छ।

१. कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम स्थानीय तहमा समायोजन भएका र सोही स्थानिय तहमा पदाधिकार रहेका चौथो तहका कर्मचारीको तहवृद्धि सम्वन्धमा स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ९ को उपदफा (२) अनुसार चौथो तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पुरा गरेपछि स्वतः पाँचौ तहमा तह वृद्धि हुने र त्यस्तो पद स्वतः सृजना हुने कानूनी व्यवस्था रहेको हुँदा तह वृद्धि दिन वाधा नरहेको।
२. स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९को दफा ३ को उपदफा (४) वमोजिम स्थानिय तहको विविध सेवाका कार्यरत कर्मचारीलाई प्रशासन सेवाको विविध समुहमा कायम गरी दरवन्दी मिलान गर्ने। यस्तो दरवन्दी सोही अध्यादेशको दफा ४ को उपदफा (२) वमोजिम कार्यपालिकावाट संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गरी प्रदेश कितावखानामा दर्ता गर्न लेखी पठाउने।
३. कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भई हालसम्म समायोजन भएको तहमा दफा १३ को उपदफा (१) वा (२) वमोजिम हाजिर हुन नजाने कर्मचारीको हकमा तह वृद्धि दिन नमिल्ने तथा अन्य प्रकृयाकोलागि सम्वन्धित निकायमा लेखी पठाउने।

२०७९।१०।१८
बिनोद पौडेल
अधिकृत आठौं

बोधार्थः
श्री सूचना तथा समन्वय शाखाः वेवसाईटमा अपलोड गर्नुहुन।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्सः ०५७-५२७५०७, वेवसाइटः www.ocmcm.bagamati.gov.np, ईमेलः ocmcm@bagamati.gov.np